# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
२०७३

प. सं. २०७९/०८० ( ) प्रदेश नं. १, नेपाल
च.नं.

विषय– सेवा करार सम्वन्धि सूचना
प्रथम पटक प्रकाशित सुचना मिति २०७९/०८/२०

स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९ बमोजिम यस बेलका नगरपालिकाको लागि तपसिलको पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा तपसल बमोजिमका कागजात सहित दरखास्त दिनहुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | बिज्ञापन नं. | पद | तह | योग्यता र अनुभव | माग संख्या |
|---|---|---|---|---|---|
| १ | ०२/२०७९/८० | पशु चिकित्सक | छैटौ तह | मान्यता प्राप्त विश्वबिद्यालय वा शैक्षिक संस्थावाट पशु चिकत्सा विषयमा कम्तिमा स्नातक तह उतिर्ण गरेको र परिषदमा दर्ता भएको । | १ जना |
| २ | ०३/२०७९/८० | कृषि स्नातक | छैटौ तह | मान्यता प्राप्त विश्वबिद्यालय वा शैक्षिक संस्थावाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उतिर्ण गरेको । | १ जना |

१. न्युनतम आवस्यक कागजातहरु
   क. अनुसूचि ४ बमोजिमको आवेदन
   ख. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
   ग. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
   घ. परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपी (पशु चिकित्सकको हकमा मात्र)
   ङ. अनुभव र तालिमका प्रमाणपत्रहरु भएमा
   च. ३ प्रति पासपोर्ट साईज
   छ. परिक्षा दस्तुर तिरेको रसिद
२. दरखास्त दिने स्थान – बेलका नगरपालिकाको कार्यालय रामपुर उदयपुर ( प्रशासन शाखा)
३. दरखास्त दिने अनुतिम मिति – सूचना प्रकाशन भएको मितिले १५ औ दिन भित्र
४. उमेरको हद – पुरुष आवेदकको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्गको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
५. छनौटको किसिम – कर्मचारी छनौट सम्वन्धि कार्यविधिले तोके बमोजिम ।
६. परिक्षा दस्तुर – रु १०००।–
७. सेवा सुविधा – स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९ ले तोके बमोजिम ।
८. करार सेवा अवधि – २०८० साल असार मसान्तसम्म ।
९. सम्पर्क मिति – आवेदन दिने अन्तिम मितिको भोलीपल्ट ।
१०. परिक्षा मिति र समय – सम्पर्क मितिमा जानकारी गराईनेछ ।

राम प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

२०७३

प. सं. २०७९/०८० ( )

च.नं.

प्रदेश नं. १, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०८/२० गते

संयूक्त राष्टसंघीय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र बेलका नगरपालिकासँगको सहकार्यमा "लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना"सञ्चालनलाई निरन्तरता दिनकालागि परियोजनाका साझेदार संस्थाहरू रयस बेलका नगरपालिका, उदयपुरबीच भएको सम्झौता बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न निम्न पदहरूमा साझेदारी कार्यक्रमको लागि करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**१. सामुदायिकमनोसामाजिककार्यकर्ता : ५जना (महिला)**

**न्यूनतम योग्यता:**

शैक्षिक योग्यता : कक्षा १२ उत्तीर्ण गरी मनोसामाजिक सहयोग सम्बन्धी कम्तीमा १० दिनको आधारभूत तालिम लिएको ।

उमेर : २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव एवं वाञ्छनीय योग्यता**

- समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा काम गरी अनुभव प्राप्त गरेकालाई प्राथमिकता दिईनेछ ।
- समुदायमा निहित लैङ्गिक हिंसा न्यूनीकरण, रोकथाम र प्रतिकार्य सहित लैङ्गिक तथा सामाजिक रुपान्तरण प्रक्रियामा काम गर्न रुची राख्ने ।
- एक जना सामुदायिक मनोसामाजिक कार्यकर्ताले एकवा सो भन्दा बढि वडाहरुमा गई गतिविधिहरु सञ्चालन गर्नुपर्ने भएकोले उम्मेदवार ती सम्वन्धित वडाको हुनुपर्नेछ । एउटा वडाबाट एक जना मात्र छनौट गरिनेछ ।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
- स्पष्ट रुपले सञ्चार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- स्थानीय स्तरमा क्लव, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, नेपाल प्रहरी, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइनेछ।
- नेपाली नागरिकताको प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रतिलिपि १ थान ।

योग्यतापुगेका ईच्छुकउम्मेदवारले यो सूचनाप्रकाशितभएको मितिले ७ दिनभित्र (उक्तदिन बिदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस नगरपालिकामा उपर्युक्त कागजात तथा व्यक्तिगत विवरण (बायोडाटा) सहित निम्न ठेगानामा बुझाउन यो सुचना जारी गरिएको छ । परिक्षा सम्वन्धि कार्यक्रम पछि प्रकाशन गरिनेछ ।

स्थान : वेलका नगरपालिकाको कार्यालय, उदयपुर

ईमेल : belakamun@gmail.com

राम प्रसाद वाग्ले

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४

<u>करारको लागि आवेदन फाराम (नमूना)</u>

(दफा ६ (२) सँग सम्बन्धित)

फोटो

(१) वैयक्तिक विवरण:

नाम थर: (देवनागरीमा)

(अंग्रेजी ठूलो अक्षरमा) लिङ्ग:

नागरिकता नं. जारी गर्ने जिल्ला: मिति

स्थायी ठेगाना क) जिल्ला ख) न.पा./गा.पा. ग) वडा नं

घ) टोल: ङ) मार्ग/घर नं. च) फो. नं./मोबाइल

पत्राचार गर्ने ठेगाना: ईमेल:

बाबुको नाम, थर:

बाजेको नाम, थर:

जन्म मिति:

(वि.सं.मा) (ई.सं.)

हालको उमेर: वर्ष महिना

(२) शैक्षिक योग्यता (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता अनिवार्य)

| क्र. सं. | शैक्षिक योग्यता/उपाधि | विश्वविद्यालय/बोर्ड | मूल विषय | श्रेणी | प्रासाङ्क प्रतिशत/ग्रेड |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फाराममा उल्लेखित सबै शर्त तथा नियमहरू पालना गर्न मन्जुर छु। साथै करारमा उल्लेखित शर्तहरू पूर्ण रूपमा पालना गर्नेछु।

उम्मेदवारको ल्याप्चे सहीछाप: उम्मेदवारको दस्तखत:

दायाँ बायाँ

मिति:

सचिव

डा. दीपक कुमार खराल
सचिव

कार्यालयले भर्ने

रसिद/भौचर नं.                    रोल नं.

दरखास्त रुजु गर्नेको नाम र दस्तखतः

मितिः  दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत

दरखास्त अस्वीकृत भए सोको कारणः

मितिः

द्रष्टव्यः दरखास्त साथ सूचनामा उल्लेखित निम्नलिखित कागजातहरू अनिवार्य रूपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपि,

(३) शैक्षिक योग्यताको प्रमाणपत्र,

(४) विषयत क्षेत्रका लागि आवश्यक पर्ने व्यावसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि

सचिव

डा. दीपक कुमार खराल
सचिव